# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : फाकफोकथुम गाउँपालिका, इलाम , फाकफोकथुम गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिवनाथ यादव | २०७८-८-३ | २०७८-१२-१२ |
| कार्यालय प्रमुख | पुरुषोत्तम घिमिरे | २०७८-४-१ | २०७८-७-१७ |
| कार्यालय प्रमुख | दिल कुमार लिम्बु | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तिल विक्रम लिम्बु | २०७८-२-१३ | |
| | | **बेरुजु रकम** | ४२,४५१,६७८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,५२,६९,९८९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,५८,८२,००० | चालु खर्च | ३७,७५,४५,२४६.०३ |
| प्रदेश सरकारबाट अनुदान | १,९५,७३,००० | पूँजीगत खर्च | १५,०५,००,६६०.८५ |
| राजश्व बाँडफाँट | ७,०१,४३,०३० | वित्तीय/अन्य व्यवस्था | ७,४८,७२,७३० |
| आन्तरिक आय | २१,२५,९०५ | | |
| अन्य आय | ७,६१,९१,९१६ | | |
| कुल आय | ५३,३९,१५,८५१ | कुल खर्च | ६०,२९,१८,६३६.८८ |
| बाँकी मौज्दात | | ४,६२,६७,२०३.९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७९, इकाईगत लेखापरीक्षण योजना २०७९, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयबाट प्राप्त जवाफ र व्यवस्थापनसँगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन्। | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस फाकफोकथुम गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस फाकफोकथुम गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १०८.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब २१ हजार ६ सय १९ जनसंख्या रहेको छ । | |
| ३ | | | **प्राप्ती भुक्तानी हिसाब** | |

आ.व.०७८।७९ प्राप्ती भुक्तानी हिसाव म.ले.प.फारम नं. २७२

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६८६५५०४८ | ५३३९१५८५१.८२ | | ५३३९१५८५१.८२ | | | |
| क. प्राप्ति | | ४६८४५३९३० | ४५७७२३९३५.८२ | | ४५७७२३९३५.८२ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (संचितकोषमा आम्दानी बाँधिने) | | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ७६८८९९३० | ७०१२८९०६.७८ | | ७०१२८९०६.७८ | | | | | |
| | | | | १३००० अनुदान | | ३८८१९५००० | ३८५४५५०००. | | ३८५४५५०००. | | | | | |
| | | | | संघीय सरकार | १२ | ३६८६२२००० | ३६५८८२०००. | | ३६५८८२०००. | | | | | |
| | | | | प्रदेश सरकार | १२ | १९५७३००० | १९५७३०००. | | १९५७३०००. | | | | | |
| | | | | १४००० अन्य राजस्व | | ३३६९००० | २,१४०,०२९.०४ | | २१४००२९.०४ | | | | | |
| | | | | ख. अन्य प्राप्ति | | २०१११८ | ७६१९१९१६ | | ७६१९१९१६. | | | | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | | ०. | | | | | |
| | | | | कोषहरु | | २०१११८ | १३१९१८६ | | १३१९१८६. | | | | | |
| | | | | धरौटी | | ० | ० | | ०. | | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम(सामाजिक सुरक्षा) | | ० | ७४८७२७३० | | ७४८७२७३०. | | | | | |
| | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भुक्तानी (ग+घ) | | ६२५८५७३१५ | ६०२९१८६३६.८८ | | ६०२९१८६३६.८८ | | | | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६२५६५६१९७ | ५२८०४५९०६.८८ | | ५२८०४५९०६.८८ | | | | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ३३३४९००० | २९५८४२९२.१५ | | २९५८४२९२.१५ | | | | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३३६१८९६८ | १८७१४८६०२.२८ | | १८७१४८६०२.२८ | | | | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १४८७१६००० | १४७४०१७८२.५ | | १४७४०१७८२.५ | | | | | |
| | | | | २६००० अनुदान | १८ | ० | ० | | ०. | | | | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १६४८४००० | ११५९५३०० | | ११५९५३००. | | | | | |
| | | | | २८००० अन्य खर्च | १८ | २०३४८०० | १८१५२६९.१ | | १८१५२६९.१ | | | | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९१४५३४२९ | १५०५००६६०.८५ | | १५०५००६६०.८५ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घ. अन्य भूक्तानी | | २०१११८ | ७४८७२७३० | | ७४८७२७३०. | | | | | |
| | | | | कोषहरु | | २०१११८ | ० | | ०. | | | | | |
| | | | | धरौटी | | ० | ० | | ०. | | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम(सामाजिक सुरक्षा) | | ० | ७४८७२७३० | | ७४८७२७३०. | | | | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | (१५७२०२२६७) | (६९००२७८५.०६) | | (६९००२७८५.०६) | | | | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११५२६९९८९ | | ११५२६९९८९. | | | | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -१५७२०२२६७ | ४६२६७२०३.९४ | | ४६२६७२०३.९४ | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | बैंक तथा नगद बाकी | २४ | | | | ४६२६७२०३.९४ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण**<br>स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>· वित्तीय विवरण तयार गर्दा सुत्रको प्राप्ति भुक्तानी हिसाबले देखाएको खर्चलाई आधार मानिएको छ ।<br>· पालिकाले धरौटी तथा कोषहरुको कारोबारलाई सुत्रमा समावेश गरेको देखिएन । पालिकाले सम्पूर्ण कारोबार सुत्र प्रणालीबाट गर्नुपर्ने, EFT तथा ePayment कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । पालिकाले म्यानुअल भौचर मार्फत कारोबार गरेको र पछि मात्र सुत्रमा प्रविष्टि गरेकोले पालिकाको खर्च तथा भुक्तानी यथार्थपरक रहेको विषयमा आश्ववास्त हुन सकिएन ।<br>· आन्तरिक श्रोततर्फ पालिकाले यस वर्ष रु २१२५९०५ उठाएको राजश्व सुत्र प्रणालीको राजश्व प्राप्तिमा प्रविष्टि गरी संचितकोषमा ट्रान्सफर देखिएन । सो लाई समेत प्राप्ति भुक्तानी हिसाबमा राजश्व शीर्षक १४००० मा समावेश गरिएको छ ।<br>· कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै भुक्तानीहुने संघीय कार्यक्रमहरुको खर्च सामाजिक सुरक्षातर्फको रु ७४८७२७३० लाई समेत समावेश गरी एकीकृत प्राप्ति भुक्तानी हिसाब तयार गरिएको छ ।<br>· पालिकाको यस वर्षको कूल प्राप्ति रु. ५३३९१५८५१ मा कूल भुक्तानी रु६०२९१८६३६घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी रकम रु ११५२६९९८९ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु ४६२६७२०३ देखिन्छ ।<br><br>तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **गत वर्षको जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचित कोषमा रु.१६९२६६७१४ मौज्दात कायम भएकोमा संघ तथा प्रदेश फिर्ता बाँकी अनुदान रु. ५३९९६७२५ फिर्ता गरी यो बर्षको शुरुमा रु ११५२६९९८९ जिम्मेवारी सारेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | ९,४०६,५६४ |

| सि.नं. | खाताको नाम | खाता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग २.७ विविध खर्च खाता | १८९००० | ९८२५ | (१७९१७५) |
| २ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता खाता | ४४९४८०१७.९४ | १७०५६७८४.९३ | (२७८९१२३३) |
| ३ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११३०१८६ | ११३०१८६ | ० |
| ४ | ग १.१आन्तरिक राजश्व खाता | ० | १४६०९३५ | १४६०९३५ |
| ५ | ग १.३ आन्तरिक अनुदान खाता | ० | ९६९५१७६ | ९६९५१७६ |
| | ग १.२ बाँडफाँडबाट प्राप्त राजश्व खाता | ० | ६०४६७५७ | ६०४६७५७ |
| ६ | ग ३ स्थानीय धरौटी खाता | ० | १४६०९७६ | १४६०९७६ |
| | जम्मा | ४६२६७२०४ | ३६८६०६४० | (९४०६५६४) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **अनुदान फिर्ता**<br>विनियोजनऐन २०७८ दफा ४(१२)अनुसारसंघसरकारबाट वित्तीय हस्तान्तरण भएकासशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभईबचत भएमा सम्बन्धित स्थानीय तहलेत्यस्तो रकमसंघीयसञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्थाछ ।प्रदेश विनियोजनऐन २०७८ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएकासशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभईबचत भएमा सम्बन्धित स्थानीय तहलेत्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्थाछ । पालिकाले यस वर्ष सशर्त, समपुरक तथा विशेष अनुदानतर्फको खर्च नभई बचत रकम संघीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु ४९३७९३०३ रहेको देखिन्छ । पालिकाको संचितकोष तथा विविध कोषमा गरी वर्षान्तमा कूल बैंक मौज्दात रु ३५३९९६६४ देखिन्छ । वर्षान्तमा खर्च नभई बाँकी रहेको संघ तथा प्रदेशको सशर्त अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित संघ तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्न रु १०८६७५३९ नपुग हुने देखिएकोमा यस वर्ष वर्षको अनुदान निकासा लिई फिर्ता गरेको छ । पालिकाले आ.व. ०७८।७९ को फिर्ता गर्नुपर्ने रकमहरु आ.व. ०७९।८० को मिति २०७९।५। २७ मा संघीय सञ्चितकोषमा रु ४४२६८७०२ तथा प्रदेश सञ्चित कोषमा रु ५११०६०१ गरी कूल रु ४९३७९३०३ फिर्ता गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भयो । | |
| ८ | | | **प्रदेश समपुरक अनुदानमा लागत साझेदारी**<br>**३।२०७९।३।२०**(प्रदेश समपूरक पुजीगत)प्रदेश नं. १ प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ। प्रदेश समपूरक अनुदानबाट खर्च हुने गरी यस वर्ष पालिकाले फलाटे- चुहान डाँडा- खम्बाड- अधेरी मझुवा- घुर्विसे पञ्चमी सडक स्तरोन्नती योजना (ठेक्का नं.PRM/ILAM/Works/NCB /05/078.79) बोलपत्र आव्हान गरी लागि रु. ३५८५९२९ (भ्याट र **PS** सहित) मा कार्की निर्माण सेवा संग सम्झौता भई निर्धारित अवधिमा काम सम्पन्न गरी रु. ३५३३४२८ (भ्याट सहित) भुक्तानी भएको देखियो ।उक्त कार्यविधि अनुसारको गाउँपालिकाले ३०%लागत साझेदारी रकम रु. १०७००२८ प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. | १,०७०,०२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **धरौटी खाता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ७ को नियम ६२ देखि ७२ सम्म धरौटी सम्बन्धि व्यवस्था गरिएकोमा कार्यालयले धरौटी तर्फको कारोबार गर्दा व्यक्तिगत धरौटी खाता र गोश्वारा धरौटी खाता तयार गर्नुपर्नेमा सो गरेको पाइएन। धरौटीको नामनामेसी सहितको विवरण तयार गरी अद्यावधिक गर्नुपर्दछ । कार्यालयले धरौटीको आम्दानी र फिर्ता स्पष्ट देखिने गरी श्रेस्ता खडा धरौटी कारोबारको स्रेस्ता, व्यक्तिगत धरौटी खाता, गोश्वारा धरौटी खाताको अभिलेख राखेको देखिएन । कार्यालयले धरौटी रकम फिर्ता गर्दा सम्बन्धित व्यक्ति/फर्मको निवेदन, कर चुक्ता प्रमाण पत्र र कर समायोजन पत्र राखी फिर्ता गर्नुपर्नेमा उक्त प्रमाण कागजात बेगर यस वर्ष रु ८८४०४० धरौटी खाताबाट रकम फिर्ता गरेको देखिन्छ । धरौटी कारोबारको अभिलेख व्यवस्थित गरी पेश हुनुपर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। कार्यालयले खरिद इकाई गठन गरेको समेत पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br><br>· निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>· पालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>· पालिकाले भुक्तानी गर्दा विद्युतीय भुक्तानी प्रणाली EFT लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सरस्वती राईले २०७७।६।३ गते रु. ५६ करोड ५० लाख २ हजार ८४९ को बजेट सभा समक्ष पेश गरेकोमा २०७७।६।३ मा पारित भएको छ । समयमै बजेट पेश, पारित र अख्तियारी प्रदान गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अवण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष योजना -छनौट तथा स्वीकृत नगरी एकमुष्ट विभिन्न योजना शीर्षकमा रु २ करोड ६६ लाख ८० हजार बजेट विनियोजन गरी वर्षान्त सम्म विभिन्न योजनाहरु तथा चालु खर्चमा रु २ करोड ५४ लाख २७ हजार खर्च गरेको देखिन्छ । यसरी वजेट अवण्डा गरेरसो रकम कुन कुन योजनामा खर्च गरिने हो, सो योजना गाउँसभाबाट स्वीकृत नगरीखर्च गरेको नियमसंगत देखिदैन । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|
| पर्यटन विकास कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ४८५९०० |
| समपुरक कोष | प्रदेश नंबर १ - समानिकरण अनुदान | ३०००००० | २९८०८४४ |
| सडक तथा पूल निर्माण इन्धन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००० | २८५६४५६ |
| सिंचाई | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | ९५२००० |
| खानेपानी | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | १०००००० |
| गेट र बाउन्ड्रि वाल निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ७०००००० | ६१३९५६२ |
| प्रतिक्षालयसूचना केन्द्र र सेनिटेसन कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ७०००००० | ६८७५८०० |
| पर्व लक्षित सडक सरसफाई योजना | नेपाल सरकार - समानिकरण अनुदान | ४१८०००० | ४१३६७०० |
| जम्मा | | २६६८०००० | २५४२७२६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु.हजारमा) | |

| क्र.सं. | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | कूल बजेट | कूल खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | | |
| १ | ३३५० | १४१५४ | १३६५० | २७७६९ | १७४४५३ | १०८५७८ | १९१४५३ | १५०५०१ |
| कूल बजेटको तुलनामा खर्च प्रतिशत | | ७% | | १५% | | ५७% | | ७९% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल राजश्व बाडँफाँड सहितको कूल आन्तिरक आय रु७२२६८९३५ प्राप्त गरेको मध्ये राजस्व बाँडफाँडबाट रु ७०१४३०३० र पालिका आफ्नै आन्तरिक श्रोतबाट रु २१२५९०५ मात्र आम्दानी भएको छ । यस वर्ष चालु तर्फ रु ३७७५४५२४६ र पूँजिगत तर्फ रु १५०५००६६० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा अत्यन्त न्यून अर्थात १३ .६८प्रतिशत मात्रै रहेको छ । यस बर्ष पदाधिकारी सुबिधा मा रु . ८८००९५० खर्च भएको छ जुन आन्तरिक आयको १२.१७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.९६ प्रतिशत चालु र ३३.०३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको कार्यालय सञ्चालन तथा प्रशासनिक प्रयोजनमा वित्तीय भार बढी परेको देखिन्छ । कार्यालय सञ्चालन र प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १५ | | | **भुक्तानी बाँकी विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९(५)(क) स्थानीय संञ्चित कोषबाट सभाले सञ्चित कोषबाट खर्च गर्ने गरी स्वीकृत गरेको वार्षिक बजेट बमोजिमको रकम मात्र खर्च गर्न मिल्ने व्यवस्था छ । पालिकाको मिति २०७८।६।३ गते बसेको नवौं गाउँसभाले पारित गरेकोफाकफोकथुम गाउपालिकाको विनियोजन ऐन, २०७८ अनुसार गत वर्षको अल्या कार्यक्रम तथा योजनाहरुको कुल दायित्व रु. ३५६४००१७ रहेकोमा सुत्रमा गत वर्षको अल्या कार्यक्रम रु. ४३९१९७५१ प्रविष्टि भएको तथा रु. ३२९३५९०१ भुक्तानी भएको देखियो ।भुक्तानी बाँकीको विवरण एकिन हुन सकेन । पालिकाले भुक्तानी बाँकी यकिन गरेर भुक्तानी दिन बाँकीको विवरण (म.ले.प. फारम नं २२१) कार्यालय प्रमुखबाट स्वीकृत गराई गाउँ सभाबाट परित गरेर मात्र अर्को वर्ष भुक्तानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **गत वर्षको चालु दायित्व**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाको मिति २०७८।६।३ गते बसेको नवौं गाउँसभाले पारित गरेको फाकफोकथुम गाउपालिकाको विनियोजन ऐन, २०७८ अनुसार गत आ.व. बाट यस आ.व.मा विविध कार्यक्रम खर्च २५६१६५८, पुस्तक छपाई तथा सूचना प्रकाशनमा रु. ७६९५५६, इन्धन खर्चमा रु १४९१००६, फर्निचर तथा कार्यालय व्यवस्थापनमा रु. २४७४४४५ गरी कूल रु ७२९६६६५ नियम विपरीत आ.व. ०७८।७९ मा दायित्व सारेको देखियो। यस्ता चालु प्रकृतिका खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ । | |
| १७ | | | **विनियोजन र रकमान्तर**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (क) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न स्वीकृत रकम तथा सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भत्र रहेको एकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्थाको अंशिक मात्र पालना गरेको पाईयो । नियमको पालना हुनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,९७,४७,००० | २,०९,५६,३२२.३३ | ७०.४५ |
| २ | सामाजिक विकास | २७,०७,६६,७५० | २३,४३,११,५०९.५६ | ८६.५४ |
| ३ | पूर्वाधार विकास | २१,५८,८९,७५० | १७,५२,११,७६१.२१ | ८१.१६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०,५७,५०० | ७८,५८,०६० | ९७.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,११,९५,१९७ | ८,९७,०८,२५३.७८ | ८८.६५ |

पालिकाले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्दै लक्ष्य प्रगति हासिल गर्नेतर्फ ध्यानदिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **योजना तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । पालिकाले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण नगरी अल्पकालिक योजनाहरुलाई बढी प्राथमिकतामा राखी बजेट तर्जुमा गरेको देखियो । यस वर्ष पालिकाले अल्पकालीन महत्वका सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला र दीर्घकालिन उपादेयताका योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका योजनाहरु देहायअनुसार छन् -<br><br>क्र. सं. / विवरण / कार्यान्वयन भएका योजना / रकम (हजारमा)<br>१ / रु १ लाख भन्दा कमको योजना / ४४ / ३३९४<br>२ / रु एक लाख एक देखि पाँच लाख सम्मका योजना / १४९ / ४७८७३<br>३ / रु ५ लाख देखि २० लाख सम्मका योजना / ४२ / ४१५५६<br>४ / २० लाख एक देखि ५० लाख सम्मका योजना / ७ / २५३७३ | |
| २० | | | **आयोजना फरफारक**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) मा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेख छ । उक्त दफाको उपदफा २(ङ)मा व्यवस्था भए अनुसार प्रमुख प्रशासकीय अधिकृतले आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको देखिएन । सोको पालना हुनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझ विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने अस्थायी दरवन्दी सृजना गर्ने नसकिने व्यवस्था छ । त्यसैगरी सोहि ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी सवारी चालक कार्यालय सहयोगी प्लम्बर ईलेक्ट्रीसियन चौकिदार माली बगैचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानिय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत भइसकेको छ तर सबै पदमा स्थाई पदपूर्ति भएको छैन। गाउँपालिकाको कार्यालय तर्फ १९ र वडा कार्यालय तर्फ १४ गरी जम्मा ३३ दरवन्दी स्वीकृत भएकोमा पालिकाले बिभिन्न पदहरुमा करार र स्थायी गरी ४७ कर्मचारीहरु नियुक्त गरेको छ । यसरी स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारीको तलव भत्ता भुक्तानी गर्नु नियमसंगत देखिएन। साथै स्थानिय सरकार संचालन ऐनको भावना अनुरुप करारमा कर्मचारी राख्ने प्रकृया बन्द गरि स्थायी पदपूर्तिको माध्यमबाट कर्मचारी व्यवस्थापन गर्ने तर्फ पहल हुनु पर्दछ । | |
| २२ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ख को ( २) मा मन्त्रालय सचिवालय आयोग र बिभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको हकमा निजामती कितावखाता र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीहरुको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पास नगराई तलव खुवाउन दुदैन भन्ने व्यवस्था छ । गाउपालिका कार्यपालिका अन्तर्गतका कार्यरत र मातहत शाखामा कार्यरत निजामती कर्मचारीहरुको सम्बन्धित निकायबाट तलवी प्रतिवेदन पारित नगरी रु १७७३५१२१।०० तलव भत्तामा भुक्तानी गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गर्नु नियम संगत देखिएन । अतः तलवी प्रतिवेदन पारित गरेरमात्र तलव भत्ता भुक्तानी हुनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
सेवा प्रवाह<br>
पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा११अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युतमिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><th>क्र स</th><th>विवरण</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>1.</td><td>नागरिकता सिफारिस</td><td>५७६</td></tr>
<tr><td>2.</td><td>घरबाटो सिफारिस</td><td>४०८</td></tr>
<tr><td>3.</td><td>नाता प्रमाणित</td><td>२७४</td></tr>
<tr><td>4.</td><td>अन्य</td><td>४२०५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४६३</td></tr>
</table>
सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरुको सेवा प्रवाहको कार्यान्वयनको स्थिति अनुगमन संयन्त्र बनाई अनुगमन गर्नुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
सार्वजनिक परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७७।७८ मा गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले ६३ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत मुल्याङ्कनको आधारमा पालिकाले ३३ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले यसमा सुधार गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **जिन्सी व्यवस्थापन प्रणाली**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयले आफ्नो कार्यालयमा प्राप्त भएका सम्पत्ति तथा जिन्सी मालसमानको लगत तयार गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न खरिद प्रकृया , हस्तान्तरण विधि र अन्य तरिकाबाट प्राप्त भएका जिन्सी मालसमानको विवरण अद्यावधिक तथा बर्गिकरण गरि खप्ने र नखप्ने जिन्सी खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबट जारी भएको परिपत्र अनुसार सबै सरकारी कार्यालयहरुले आर्थिक वर्ष २०७७।७८ सम्म सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गर्नु पर्ने व्यवस्था गरेको छ । गाउपालिको कार्यालयले लेखापरीक्षण अवधि सम्म पनि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी व्यवस्थापन गरेको देखिएन। अतः जिन्सी मालसमान PAMS मा इन्ट्री गरी एकिकृत विवरण तयार गरी अद्यावधिक गर्नु पर्ने देखिन्छ । | |
| २६ | | | **जिन्सी समानको मूल्य**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसमानको मूल्य कायम गरी श्रेस्ता अधावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयको जिन्सी मौजदातको बार्षिक विवरणमा तथा जिन्सी खाता परीक्षण गर्दा पुराना धेरै समानको मूल्य खुल्याएको पाइएन । अतः नियमावलीमा उल्लेख गरिएको बिधि पालना गरी मूल्य कायम गरी श्रेस्ता अधावधिक गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **मर्मत र लिलाम बिक्रि**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसमानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। कार्यालयले स्वीकृत ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । सोहि नियमको उप नियम (४) मा प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले लिलाम बिक्री गर्नु पर्ने सम्पति तथा जिन्सी मालसमानको हकमा नियम १०६ बमोजिम लिलाम बिक्रि गर्ने र मर्मत सम्भार गर्नु पर्ने मालसमानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयबाट तयार गरिएको जिन्सी निरीक्षण फाराममा मर्मत गर्नुपर्ने भनि औल्याएका जिन्सी मालसमान बोलेरो १ थान स्कारपियो १ थान ट्याक्टर १ थान लोडर १ थान मोटर साइकल २३ थान एक्साभेटर १ थान लगायका समान र डेस्कटप कम्प्युट १२ थान ल्यापटप १० थान प्रिन्टर ५ थान रिभल्वभिङ चेयर ११ थान सिलाई मेसिन ५ थान लगायतका जिन्सी समान बिग्रिएको भनि उल्लेख गरिएको छ । उपरोक्त जिन्सी मालसमानहरुको भौतिक अवस्था परीक्षण गरी नियमावलीमा तोकिएको अवधिभित्र लिलाम बिक्रि र मर्मत गर्नुपर्ने समानको हकमा मर्मत गरी जिन्सी अध्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| २८ | | | **जिन्सी समान बरबुझारत**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४४ मा कर्मचारीले आफु सरुवा बढ्ुवा हुदा वा अबकाशप्राप्त गर्दा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्साइस दिन भित्र तोकिए बमोजिम बरबुझारथ गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाका अन्तर्गतका कर्मचारी तथा पदाधिकारीको कार्य अवधि समाप्त भई सकेको र बरबुझारतको म्याद समेत समा्प्त भइसकेको अव्स्थामा समेत देहायका जिन्सी मालसमान नबुझाएको , कार्यालयले जिन्सी साहयक खाता व्यवस्थित गरि नराखेको र सबै जिन्सी समानको मूल्य खुलाई जिन्सी अद्यावधिक गरेको पाइएन । अतः जिन्सी समानको अभिलेख व्यवस्थित गर्दै पूर्व पदाधिकारीको जिम्मामा रहेका जिन्सी समान यथाशिघ्र फिर्ता गर्ने व्यवस्था हुनु पर्दछ । | |

| सि नं | समानको विवरण | समानको मूल्य रकम | जिम्मामा रहेको पदाधिकारी |
|---|---|---|---|
| १ | Dell13 Laptop १ थान | | सुवाशचन्द्र कुलुङ पूर्व कार्यपालिका सदस्य |
| २ | Dell13 Laptop | | भेष कुमारी लामिछाने का स |
| 3 | Lenovoi5 १ थान | विग्रिएको | सिताराम पौडेल असिस्टेन्ट इन्जिनियर |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | Laptop Acer १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ५ | solar pannel १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ६ | Canon Printer १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ७ | Epson printer १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ८ | स्टील दराज १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ९ | टि टेवल ३ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १० | कम्प्युटर टेवल १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | ११ | सोफा सेट २ सेट | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १२ | स्टेपलाइजर १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १३ | एलइडि टि भि १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १४ | डाइनिङ सेट १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १५ | हेङ्गर १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १६ | एलसिडी स्टेन्ड १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १७ | Disk Home Device १ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | १८ | इन्भटर ५०० भोल्टेज ३ थान | | राम कुमार श्रेष्ठ पूर्व अध्यक्ष | | |
| | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | सोलार प्यानल १५० वाट | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २० | स्टील दराज २ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २१ | टी टेवल ६ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २२ | कम्प्युटर टेवल १ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २३ | सोफा सेट २ सेट | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २४ | मोवाइल सेट ३ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २५ | एलइडि टि भि १ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २६ | डाइनिङ सेट १ थान | | सरस्वती राई पूर्उव पाध्यक्ष | | |
| | | | | २७ | हेङ्गर १ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २८ | एलसिडी स्टेन्ड १ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | २९ | Disk Home Device १ थान | | सरस्वती राई पूर्व उपाध्यक्ष | | |
| | | | | ३० | Laptop dell १ थान | | कुशल खनाल पूर्व कर्मचारी | | |
| | | | | ३१ | ट्याव १ थान | | पुरुषोत्तम घिमिरे पूर्व प्र. प्र. अ. | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **जेसिबी तथा एस्काभेटरको आम्दानी**<br><br>पालिकाको जिन्सी प्रतिवेदन अनुसार पालिकाको नाममा एउटा जेसिबी र एउटा एस्काभेटर रहेको देखिन्छ । उक्त जेसिबी तथा एस्काभेटरको सञ्चालन तथा मर्मत खर्च पालिकाले व्यहोरेको देखिएता पनि जेसिबी तथा एस्काभेटरबाट भएको कार्यप्रगतिको अभिलेखीकरण भएको देखिएन ।गत वर्ष जेसिबी तथा एस्काभेटरबाट सञ्चालनबाट कुनै पनि आम्दानी भएको देखिएन । सञ्चालन सम्बन्धमा कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । | |
| ३० | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी पाच हजार भन्दा बढी मूल्य पर्ने उपकरण वा पाटपूर्जाको अभिलेख राख्नुपर्ने र त्यस्ता पाटपूर्जा उपकरण प्राविधिकबाट प्रमाणित गराई नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न सवारी साधन र इलेक्ट्रोनिक्स सामाग्रीको मर्मत गर्दा मर्मत आदेश र लागत अनुमान वेगर जिन्सी दाखिला नगरी फर्मको बिलका आधारमा सवारी साधन मर्मत खर्च शिर्षकबाट रु.१९८९३३१, पारिश्रमिक कर्मचारी खर्च शिर्षकबाट रु. ३५५३८८, विभिन्न पुजीगत खर्च शिर्षकबाटल्यापटम मर्मत रु.१३८७७०, मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकबाट रु. १०३२५५० गरी जम्मा रु. ३५१६०३९ खर्च गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ३१ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविध कार्यक्रम, स्थानीय तह विविध तथा अन्य विविध र विविधतर्फ गरी कूल रु. ३६८४५४१ रकम खर्च गरेको छ । अन्य शीर्षकहरुबाट समेत विभिन्न रकमान्तर गरी विभिन्न चालु प्रकृतिका खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **इन्धन खर्च**<br>सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धि मापदण्ड, २०७५ को बुदाँ नं २३ मा इन्धन र सवारी साधन प्रयोग सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ । उक्त मापदण्ड अनुसार प्रत्येक सवारी साधन प्रयोगको लग बुक राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गराउनुपर्नेव्यवस्था छ । कार्यालयको अभिलेख अनुसार २३ वटा बाइक,ट्याक्टर, जेसिबी, एस्काभेटर, स्कारपियो र बुलेरो एक एक थान रहेको बुझियो । पालिकाले नियमानुसार सवारी लग बुक नराखी पुजीगत शीर्षकबाट रु. २४९६४५६ तथा चालु इन्धन खर्च शीर्षकबाट रु. २८११०३४ गरी इन्धन खर्चमा कूल रु. ५३०७४९० खर्च गरेको छ । | |
| ३३ | | | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, 2071 को बुँदा नं. 4.1 मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। सरकारी वेबसाईट तथा सफ्टवेयर **GIDC** को **Government cloud** मा होस्ट गर्नुपर्ने तथा **NITC** बाट **Domain** स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले राजस्व सम्बन्धि सफ्टवेयर खरिद गरी रु. ३९८८९० खर्च गरेकोमा सूचना प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । उक्त सफ्टवेयर पालिकाले प्रयोगमा ल्याएको समेत देखिएन।यस्ता सफ्टवेयर स्वीकृति लिएर प्रयोग गर्नुपर्दछ । | |
| ३४ | | | **तलवी प्रतिवेदन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ क्रियाकलाप नं २.१.२ क अनुसार सामुदायिक बिद्यालयमा कार्यरत स्याथि शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक कितावखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिने व्यवस्था गरेको छ। गाउँपालिका अन्तर्गत संचालित सामुदायिक बिद्यालयमा कार्यरत स्थाइ शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगराई यस वर्ष तलव भत्तामा रु ११७६०००००।०० खर्च भुक्तानी गरेको छ । अतः तलवी प्रतिवेदन पारित गराएर मात्र सो आधारमा तलव भत्ता अनुदान दिने व्यवस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **विद्यालय अनुगमन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत शिक्षा अभिभावक शिक्षा अनौपचारिक शिक्षा खुला तथा वौकल्पिक निरन्तर सिकाइ सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्यांकन र नियमन गर्ने तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन विद्यालयको आय व्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको यस वर्ष अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । यस सम्बन्धमा पालिका अन्तर्गतको शिक्षा शाखासंग छलफल गर्दा जनशक्तिको अभावमा गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धि मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ । | |
| ३६ | | | **संस्थागत विद्यालय**<br>स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत र गुठी विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन । संस्थागत विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **कार्यविधि वेगर आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। चालुतर्फ उद्धार राहत तथा पुनस्थापना खर्च भनी कार्यालयले रु. ७०००००० विनियोजन गरी खर्च गरेको छ । बजेटमा व्यवस्था गरेको सीमा भन्दा बढी गाउँपालिका अध्यक्षको तोक आदेशको आधारमा विभिन्न चालु तथा पुजीगत खर्च शीर्षकबाट व्यक्ति तथा उपभोक्ता समितिलाई गरी थप रु. ७६०८२०० खर्च गरेको छ । कार्यविधि तयार नगरी तोक आदेशको आधारमा देहायका विनियोजन शीर्षकबाट आर्थिक सहायतामा गरेको खर्च अनियमित देखिएको रु. | ७,६०८,२०० |

| भौ. नं. | विनियोजन शीर्षकहरु | बैंक | रकम |
|---|---|---|---|
| ५५४, ५५१ गा पा चालु, २१४ (गा.पा. पुजीगत) | प्रतिक्षालय, सूचना केन्द्र तथा स्यानिटेशन कार्यक्रम, गेट तथा बाउन्ड्री निर्माण, आर्थिक सहायता, खानेपानी तथा सडक पुल मर्मत | सानिमा बैंक, आमचोक | ५४५८००० |
| ५५४,४५० ( गा पा चालु) | प्रतिक्षालय, सूचना केन्द्र तथा स्यानिटेशन कार्यक्रम, गेट तथा बाउन्ड्री निर्माण, आर्थिक सहायता | सिभिल बैंक, रवि पाचथर | १४२५२०० |
| ५५४,२०२ ( गा पा चालु) | प्रतिक्षालय, सूचना केन्द्र तथा स्यानिटेशन कार्यक्रम, गेट तथा बाउन्ड्री निर्माण, आर्थिक सहायता | प्राइम बैंक, राँके | ३७५००० |
| ५४१,५५४ गा पा चालु | गोविन्द प्रसाद लामिछाने | चेक | ३५०००० |
| | जम्मा | | ७६०८२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **निकासी कर संकलन ठेक्का**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।गाउँ कार्यपालिकाको मिति २०७८।३।४ मा बसेको बैठकको प्रस्ताव नं १८ को निर्णय अनुसार निकासी कर संकलन ठेक्काको लागि रु. २०००००० मा ठेक्का लगाउने सहमति भएको देखियो । तत्पश्चातका ठेक्का सम्बन्धि श्रेस्ता लेखापरीक्षणको क्रममा पेश हुन सकेन । स्थलगत अवलोकनको क्रममा आ.व. ०७८।७९ देखिनै निकासी ठेक्का संकलन केन्द्रहरु स्थापना गरी तोकिएको दररेटमा निकासी कर संकलन हुँदै आएको जानकारी प्राप्त भएकोमा आर्थिक वर्षको अन्तसम्म पनि निकासी कर गाउँपालिकाको खातामा दाखिला भएको देखिएन । सो सम्बन्धमा आवश्यक छानबिन गरी निकासी कर रकम पालिकाको आन्तरिक राजश्व खातामा ल्याउनेतर्फ पहल गर्नुपर्दछ । | |
| ३९ | | | **रसिद नियन्त्रण खाता**<br>स्थानीय सरकार संचालन २०७४ बमोजिम पालिकाले महालेखापरीक्षकले तोकेको ढाँचामा कारोवार र श्रेस्ता तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न आय संकलनको लागि नगदी रसिद मार्फत संकलन गर्ने गरेकोमा यस वर्ष छपाई गरिएका र सो मध्ये प्रयोग भएका र बाँकी रहेका नगदी रसिदहरु अद्यावधिक गरी रसिद नियन्त्रण खाता राखी आम्दानी खर्च नगरेकोले रसिदको प्रयोग र असुली भएको सबै रकम तोकिएको अवधि भित्र राजस्व जम्मा भए नभएको यकिन गर्न सकिएन । रसिद नियन्त्रण खाता अद्यावधिक राखी लेखापरीक्षणमा पेश हुनुपर्दछ । | |
| ४० | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राप्त हुने रकम दैनिक रुपमा बैंक दाखिला नगरी प्रत्येक महिनाको अन्ततिर एकमुष्ट जम्मा गर्ने गरेकोमा सुधार हुनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रु. ६०५०००० आन्तरिक आय संकलन गर्ने लक्ष्य लिएकोमा रु. २१२५९०५ मात्र (३५.१३%) आन्तरिक आम्दानी गरेको देखिन्छ । पालिकाले सेवा, शुल्क, सिफारिस दस्तुरवापत रु. ३२४९००० राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा जम्मा रु. १००७२४० मात्र संकलन गरेको देखिन्छ । एकिकृत सम्पत्ती कर, भूमीकर/मालपोत बापतरु. २१५४००० राजश्व संकलन गर्ने लक्ष्य राखेको भएता पनि आर्थिक वर्षको अन्तसम्म रु. ९३३३१६ मात्र राजश्व संकलन गरेको देखिन्छ । पालिकाले पटके सवारी साधन कर, निकासी कर,विज्ञापन करबापत कुनै पनि राजश्व प्राप्त गरेको देखिएन । राजश्व प्राप्ति अनुमानलाई यथार्थपरक बनाउदै लक्ष्य अनुसारको राजश्व संकलन गर्ने तथा करको दायरा विविधिकरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **भ्रमण खर्च**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्चमा रु २६१०००० । खर्च गरेकोमा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन। ऐनको ब्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ ।<br>त्यसतै निम्नानुसारको पदाधिकारी निम्नानुसारको भौ.न.बाट भ्रमण खर्च वापत हवाइ टिकटमात्र पेश गरी भुक्तानी लिएको तर भ्रमण आदेश र boarding pass नभएकोमा सो पेश हुनुपर्ने रु. | ७१,९५० |

| भौ.न. र मिति | हवाइ टिकट मिति | पदाधिकारी/कर्मचारीको नाम | भ्रमण स्थान | रकम |
|---|---|---|---|---|
| २०७९।३।२४,५८५र५८४ | 2022 April 13 | प्र. राम बहादुर श्रेष्ठ | काठमाण्डौ | ९२०५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 may 5 | हरी काफ्ले | काठमाण्डौ | ११६३५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 April 20 | लिला बहादुर लिम्बु | काठमाण्डौ | १०४३५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 April 17 | प्र.राम बहादुर श्रेष्ठ | काठमाण्डौ | १०४०५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 April 17 | उ.प्र.सरस्वती राइ | काठमाण्डौ | १०४०५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 April 28 | उ.प्र.सरस्वती राइ | काठमाण्डौ | १०४३५ |
| २०७९।३।२४,५८५र५८४ | 2022 Jun 13 | विक्रम चौहान | काठमाण्डौ | ९४३० |
| | | जम्मा | | ७१९५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४३ | | | **कार्यक्रम खर्च**<br>आर्थीक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को ३९ को ७ अनुसार कुनै तालिम गोष्ठि सेमिनार कार्यशाला जस्ता कार्यक्रमका लागि खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्दछ । साथै प्रदेश १ सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को ६ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकिएको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले लागत अनुमान र खर्चको मापदण्डको पालना नगरी निम्नानुसारको तालिम, उदघाटन, समारोह जस्ता कार्यक्रम सञ्चालन गरेको छ । यसबाट उपलब्ध स्रोत साधनको उपयोग र परिचालनमा पारर्दशिता, मितव्यविता र प्रभावकारीता कायम भएको देखिएन । | |

| भौ न र मिति | कार्यक्रमको नाम | सञ्चालन मिति | रकम |
|---|---|---|---|
| २०७९।३।१३,३०३ | नारी दिवस | २०७८।११।३० | १०५०९०। |
| २०७९।३।२०,२८४ | वडा कार्यलय व्यवस्थापन | २०७८।१०।२७ | ५०००००। |
| २०७९।३।२२,३०८ | महिला बिकास कार्यक्रम | २०७८।११।१२ | १५००००। |
| २०७९।३।१५,२४७ | महिला उद्दमी महासघ | | ३०००००। |
| २०७८।१०।११,१९५ | दलित समन्वय समिति | २०७८।९।१७,१८ऽ१९ | ३६००००। |
| २०७८।१०।७,१६६ | वडा कार्यलय व्यवस्थापन | | १९९९५०। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अग्रीम कर**<br>अग्रीम कर : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. २४५७०। अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु . | २४,५७० |

| भौ न.र मिति | कार्यक्रम | भुक्तानी विवरण | करको | भुतानी लिनेको नाम | भुक्तानी | कर रकम |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रकार | | रकम | | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | प्रशिक्षक | पारीश्रमिक | भिम बहादुर कार्की | ३००००। | ४५००। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | प्रशिक्षक | पारीश्रमिक | मन कुमार वराइली | ३००००। | ४५००। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | प्रतिवेदन | पारीश्रमिक | ग्रिनहिल टेक्निकल इनस्टिच | १००००। | १५००। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | प्रस्ताव | पारीश्रमिक | ग्रिनहिल टेक्निकल इनस्टिच | ५०००। | ७५०। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | साउण्ड सिस्टम भाडा | बहाल | ग्रिनहिल टेक्निकल इनस्टिच | ९०००। | ९००। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | प्रोजेक्टर भाडा | बहाल | ग्रिनहिल टेक्निकल इनस्टिच | ९०००। | ९००। | | |
| | | | | २०७९।३।३,१९६ | दलित समन्वय समिति गापा स्तरीय | प्रशिक्षक | पारीश्रमिक | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि. | ३२०००। | ४८००। | | |
| | | | | २०७८।१०। ११,१९५ | दलित समन्वय समिति गापा स्तरीय | साउण्ड सिस्टम भाडा | बहाल | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि. | ७५००। | ७५०। | | |
| | | | | २०७८।१०। | दलित समन्वय समिति गापा | प्रोजेक्टर भाडा | बहाल | बुलन्द मल्टिटेक्निकल मिडिया | ७५००। | ७५०। | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११,१९५ | स्तरीय | | | प्रा.लि. | | | |
| | | | २०७८।९।२,३८० | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | शिवनाथ यादव | ६४००। | ९६०। | |
| | | | २०७८।९।२,३८० | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | मातापसिह लिम्बु | ८०००। | १२००। | |
| | | | २०७८।९।२,३८० | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | तोयनाथ सारुमगर | ६०००। | ९००। | |
| | | | २०७८।९।२,३८० | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | तिल बिक्रम लिम्बु | ४८००। | ७२०। | |
| | | | २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | मातापसिह लिम्बु | ४८००। | ७२०। | |
| | | | २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | तोयनाथ सारुमगर | १२००। | १८०। | |
| | | | २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | अनुगमन | पारीश्रमिक | कुल बहादुर थेगिम | ३६००। | ५४०। | |
| | | | | जम्मा | | | | | २४५७०। | |
| ४५ | | | **कार्यलय सामाग्री खरिद** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने ब्यवस्था छ। तर पालिकामा यस आ.व.मा वार्षिक आवशयक सामानहरुको यकिन र लागत अनुमान नगरी मुख्य कार्यालय र वडा कार्यालयबाट गरी टुक्रा रुपमा वार्षिक सुरु विनियोजित बजेटबाट रु. २५०००००।– र पछि अन्य शिर्षकबाट रकमान्तर गरी रु. ५८६००००। को कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ । | | | | | | | |
| ४६ | | | **पदाधिकारी अनुगमन र भ्रमण खर्च** | | | | | | | |
| | | | | | | | | | | |

| ४६.१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | ५४,५०० बेरुजु रकम |
|---|---|---|---|---|

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गाउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसार अनुसुची १ बमोजिम सुबिधालाइ अधित्तम मानि कार्यपालिकाबाट निर्णय गरी सुबिधा मासिक पाउने ब्यवस्था रहेको र अनुगमन भत्ता भुत्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाका यो वर्ष सभाका सदस्यहरुले निम्नानुसारको सुविधा वापत यस वर्ष रु ५२४४०००। भुक्तानी भएकोमा अनुगमन भता वापत मात्र रु.७२००००। भुत्तानी लिएको छ । तर ऐन बमोजिमको कार्यपालिकाको निर्णय बेगर सुबिधा भुत्तानी लिइ अनुगमन भत्ताको हकमा अनुगमन प्रतिबेदन समेत पेश गरेको पाइएन्।

| सि.न. | विवरण | अध्यक्ष | उपा अध्यक्ष | वडा सदस्य ७ जना | का. सदस्य ६ जना | वडा सदस्य २४ जना |
|---|---|---|---|---|---|---|
| 1. | सञ्चार सुविधा | ३००० | ३००० | २००० | १५०० | १००० |
| 2. | खाजा भत्ता | ५००० | ५००० | ३००० | १५०० | १५०० |
| 3. | पुस्तक पत्रपत्रिका | २००० | २००० | १००० | १००० | १००० |
| 4. | अनुगमन भत्ता | १०००० | १०००० | ४००० | २००० | ० |
| 5. | खानेपानी बिजुलि महशुल | २५०० | २५०० | १००० | ५०० | ५०० |
| 6. | सरसफाइ मर्म्त | २५०० | २५०० | १००० | १००० | ० |
| 7. | अतिथि सत्कार | ९००० | ५००० | ४००० | २००० | १५०० |
| 8. | यातायात खर्च | | | ४००० | २५०० | २००० |
| | जम्मा | ३४००० | ३०००० | २०००० | १२००० | ७५०० |

त्यसतै सोही ऐनको दफा ८(१) बमोजिम पालिकाको आफ्नो क्षेत्रभित्र भ्रमण तथा अनुगमन कार्यका लागि खर्च लेखन नमिलने व्यवस्था छ । तर निम्नानुसारको विभिन्न कार्यक्रमको पालिकाभित्र अनुगमन र भ्रमण कार्य गरे वापतको भत्ता भुत्तानि लिएकोमा दोहोरो सुविधा असुल गर्नुपर्ने रु


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ न. र मिति | कार्यक्रम | पदाधिकारीको नाम | अनुगमन भत्ता | विवरण | करबाहेको भुक्तानी |
|---|---|---|---|---|---|
| २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | उ.प्र.सरस्वती राइ | ४८००। | भ्रमण | ४८००। |
| २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | टेकवीर नेम्वाङ्ग | १६००। | भ्रमण | १६००। |
| २०७९।३।२०,५ | शिक्षा विकास कार्यक्रम | व.स.सुवाशचन्द्र राइ | १६००। | भ्रमण | १६००। |
| २०७९।३।१३,३०३ | नारी दिवस कार्यक्रम | टेकविर लिम्बु | ६०००। | अनुगमन | ५१००। |
| २०७९।३।१३,३०३ | नारी दिवस कार्यक्रम | बालकृष्ण भदट्टराइ | ६०००। | अनुगमन | ५१००। |
| २०७९।३।१३,३०३ | नारी दिवस कार्यक्रम | लक्ष्मी माया राइ | ६०००। | अनुगमन | ५१००। |
| २०७९।३।१३,३०३ | नारी दिवस कार्यक्रम | सिता बराइली | ६०००। | अनुगमन | ५१००। |
| २०७८।९।२,३८० | सामुदायिक विधयालय | प्रमुख राम कुमार श्रेष्ठ | ८०००। | अनुगमन | ८०००। |
| २०७८।९।२,३८० | सामुदायिक विधयालय | उ.प्र.सरस्वती राइ | ६४००। | भ्रमण | ६४००। |
| २०७८।९।२,३८० | सामुदायिक विधयालय | टेकविर लिम्बु | ४८००। | भ्रमण | ४८००। |
| २०७८।९।२,३८० | सामुदायिक विधयालय | हरि दङ्गाली | ३६००। | भ्रमण | ३६००। |
| २०७८।९।२,३८० | सामुदायिक विधयालय | कल्पना राइ | २४००। | भ्रमण | २४००। |
| | | जम्मा | | | ५४५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.२ | | | गाउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसार अनुसुची १ बमोजिम सुबिधालाइ अधित्तम मानि कार्यपालिकाबाट निर्णय गरी सुबिधा मासिक पाउने ब्यवस्था छ । जस अनुसार यस आ.व.मा प्रमुख, उप प्रमुख, वडा अध्यक्ष ७, कार्यपालिका सदस्य ६ र वडा सदस्य २४ मध्ये २ जनाको मृत्यु भएको र मृत्यु पश्चात फाल्गुन देखि २२ वडा सदस्य गरी कुल ३७ जना पदाधिकारीको अनुसुचि १ अनुसारको सुबिधामा बार्षिक रु ५२८६००० र चाडपर्व सुविधा वापत रु ३९०००० गरी कुल ५६७६००० खर्च हुने भएकोमा अषाढको खर्चको फाटवारी अनुसार रु ५८८६२२९ खर्च गरेको पाइयो । यसरी बढी खर्च लेखेको रु २१०२२९ को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २१०,२२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **कर्मचारी बैठक भत्ता**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७४ नियम ७.१.१ अनुसार एउटै निकाय र कार्यालयहरुको वैठक वस्दा उक्त वैठकको भत्ता दिन पाइने छैन भन्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको भौचर र मितिवाट एउटै निकायको पदाधिकारीहरुको वैठक भत्ता भुक्तानी गरेकोमा असुल हुनु पर्ने रु. | २५,५०० |

| भौ न र मिति | कर्मचारीको नाम | पद | बै.भ.भुत्तानी | कर | कर बाहेक भुत्तानी |
|---|---|---|---|---|---|
| २०७८।९।९,१२६ | शिवनाथ यादव | प्र.प.अ. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | अखिलेश कुमार यादव | इन्जिनियर | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | नारायण थापा मगर | सु.प्र.अ. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | यम बहादुर बस्नेत | ज.स्वा.नि. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | पर्शुराम अधिकारी | प.स्वा.प्रा. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | तिल बिक्रम लिम्बु | लेखापाल | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | बसन्त भट्टराइ | ना.प्रा.स. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | बिक्रम चौहान | क.अ. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | सुर्य प्रसाद न्यौपाने | ना.प.स्वा.प्रा. | ३०००। | ४५०। | २५५०। |
| २०७८।९।९,१२६ | मिम कुमार राइ | सा.प. | ३०००। | ४५०। | २५५०। |
| | जम्मा | | | | २५५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **नागरिक भत्ता वितरण**<br>स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । गाँउपालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । यसरी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरोपन हुने गरी गाँउपालिकाले यस वर्ष सुरक्षित मातृत्व तथा सुत्केरी स्याहार बापत प्रति सुत्केरी रु. ३००० ले र मृत्यु दाहसँस्कार सहयोग स्वरुप रु. ५००० ले सुविधा प्रदान गरी रु. ६३२०००। खर्च लेखेको छ । यसरी प्रदान गरिने यस किसिमको भत्ता सुविधाहरु आर्थीक स्रोतको सुनिश्चितता तथा कार्यविधि बेगर खर्च लेख्नन नमिल्ने रु. | ६३२,००० |
| ४९ | | | **आन्तरिक लेखापरीक्षण**<br>**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षणको पदमा कर्मचारी कार्यरत रही निजको पारिश्रमिक खर्च भएकोमा सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण नभएको उचित देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>४।२०७९।३।२० (संघ सशर्त पुजीगत) सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि, २०७६ को बुदाँ नं ४ मा उल्लेख भए अनुसार स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई निर्माण सामग्री खरिद गर्न दुई किस्तामा अनुदान रकम उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले अनुसूचि ३ अनुसारको प्राविधिक प्रतिवेदनको आधारमा एकै किस्तामा रकम उपलब्ध गराएको छ । पालिकालाई यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत कूल रु. ११५००००० निकासा भएकोमा १२२ घर परिवारलाई रु. ५०००० का दरले रु. ६१००००० अर्थात ५३% मात्र खर्च भएको देखियो । लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **अन्य निकायको खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१)अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका देहायका अन्य निकायहरुको समेत खर्च भुक्तानी गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनपर्दछ । | |

| भौ.नं. | विनियोजित शीर्षक | खर्च विवरण | खर्च भएको रकम |
|---|---|---|---|
| १९७।२०७९।३।५ गा पा चालु | एकतप्पा बहुमुखी क्याम्पस शैक्षिक अनुदान | क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख लगायत ११ जनाको तलब भुक्तानी | १०००००० |
| १६०।२०७९।२।१७ गा पा पुँजीगत | प्रहरी चौकी भवन निर्माण एकतप्पा | प्रहरी चौकी भवन निर्माण | १७५४२२५ |
| २०३।२०७८।८।१५ गा पा पुँजीगत | प्रहरी चौकी आमचोक मोटरसाइकल खरिद | मोटरसाईकल खरिद | २९९९०० |
| ३४९।२०७८।१०।९ गा पा चालु | आमचोक प्रहरी चौकी | इन्धन खर्च | ३१५००० |
| | जम्मा | | ३३६९१२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>

**डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रममा समावेश नगरी देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी गरेको देखियो । पालिकाकै प्राविधिक जनशक्तिबाट हुनसक्ने डी.पी.आर. तयारी समेत बाहिरबाट गराएको देखियो । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr>
<tr><td>१५ वेडको अस्पताल भवन निर्माण</td><td>ड्याम इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१००००००</td></tr>
<tr><td>फलाटे चुहाँडाँडाँ खाम्बाङ अधेरी मझुवा घुर्विसे पञ्चमी सडक स्तरोन्नती निर्माण</td><td>टिमबिल्डर्स इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.</td><td>५०००००</td></tr>
<tr><td>आमचोक लोखुम्बा बरबोटे तालखर्क सुठङ गाउँ सप्तमी सडक स्तरोन्नती</td><td>ट्यालेन्ट इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.</td><td>५०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२००००००</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**शिक्षक दरबन्दी मिलान तथा अनुगमन**

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा२० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ । साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ । यस पालिकाको बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति भएको अभिलेख पेश भएन । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गर्नु पर्ने, अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की बाकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको १५ दिन भित्र फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु<br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पेश्की लिएको मिति</th><th rowspan="2">गो. भौ. न.</th><th rowspan="2">पेश्कीको विवरण</th><th rowspan="2">पेश्की लिने</th><th colspan="2">चालु आ. व.</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>०८/२७/२०७८</td><td>३४१</td><td>इन्धन (पदाधिकारी)</td><td>विनोद पाण्डे</td><td>०</td><td>३००००</td></tr>
<tr><td>२</td><td>०८/२७/२०७८</td><td>३४१</td><td>विविध खर्च</td><td>विनोद पाण्डे</td><td>०</td><td>३००००</td></tr>
<tr><td>३</td><td>०८/२७/२०७८</td><td>३४१</td><td>सवारी साधन मर्मत खर्च</td><td>विनोद पाण्डे</td><td>०</td><td>४००००</td></tr>
<tr><td>४</td><td>०९/०२/२०७८</td><td>१३७</td><td>बिमा तथा नवीकरण खर्च</td><td>विक्रम चौहान</td><td>०</td><td>३०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>४०००००</td></tr>
</table></td><td>४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>

**बढि भुक्तानि**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेट बाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । त्यसै गरी खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत खर्चको गोश्वारा भौचर साथ संलग्न गर्नुपर्दछ । गाँउपालिकाले देहायका गोश्वारा भौचरहरुमा संलग्न विल भरपाईको जोड जम्मा अनुसार हुन आउने रकम भन्दा बढी खर्च लेखेको, खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु संलग्न नगरेको देखियो । यसरी बढी खर्च लेखेको र खर्चको पुष्टयाई प्रमाण नभएको खर्च रकमको सम्बन्धमा आधिकारिक प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ न.र मिति</th><th>खर्चको विवरण</th><th>भौचर रकम</th><th>बिल भर्पाइ रकम</th><th>नपुग रकम</th></tr>
<tr><td>२०७८।८।१,३७२</td><td>पानी बिजुली</td><td>१२३०००।</td><td>८९४००।</td><td>३३६००।</td></tr>
<tr><td>२०७९।३।१८,३५५</td><td>वडा-२ अनुगमन खर्च</td><td>५९९१४५।</td><td>४४९१४५।</td><td>१५००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१८३६००</td></tr>
</table>

</td><td>१८३,६००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>

**नेपाल सरकारको स्वीकृती**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा ८ मा स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने व्यवस्था गरेको छ । यस पालिकाले १८ जनवरी २०२२ (२०७८ माघ ४) मा दक्षिण कोरियाको Inge County का प्रमुख Sang Ki Choi सँग मौसमी कामदारको आदान प्रदान गर्ने गरी सम्झौता गरेको छ । उक्त सम्झौता गर्नका लागि कोरियाबाट आएका चार प्रतिनिधिको आतेजाते तथा बसाई खर्च बापत पालिकाले भौ नं १४३।०७८।१०।८ बाट रु ३१९६९५।०० खर्च लेखेको छ । यसरी दुई देशको स्थानीय सरकार बिच भगिनी सम्बन्ध कायम गर्न पालिकाले नेपाल सरकारको पूर्व स्वीकृती लिएको कुने प्रमाण पेश भएन । ऐनको उल्लेखित व्यवस्था पालना नभएको र पूर्व स्वीकृति वेगर MOU मा सम्झौता गर्ने आधार तथा खर्च लेख्नेप्रमाण पेश हुनु पर्ने रु…

</td><td>३१९,६९५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>खरिद कार्य<br>कार्यालयले मालसमान खरिद गर्दा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नु पर्दछ । गाउँकार्यपालिकाको मिति २०७८।१०।२० गते वसेको बैठकको निर्णय अनुसार उपाध्यक्षसँग महिला व्यवसायि तथा खेलाडी कार्यक्रमबाट युवा उद्यमिलाई सामाग्रि वितरण गर्न मौरीको घार, मिल्क क्यान, जर्सी, आइरन कैचि, डिजिटल व्यालेन्स लगायतका सामाग्रि खरिद गर्न रु १००००००।०० वजेट छुट्याई सामाग्रि खरिद गरि कार्यालयमा मौज्दात राखेको देखिन्छ । यसरी वास्तविक आवश्यकता पहिचान नगरी समाग्रि खरिद गरिएको र लेखापरीक्षण अवधि सम्म पनि लक्ष्यित वर्गलाई वितरण नगरी मौज्दात राखेको देखिएकोले खर्च प्रभावकारिताको हिसाबले पनि उपयुक्त देखिएन। यस्तो खरिद कार्यमा नियन्त्रण गरी मौज्दात रहेको मालसमान लक्ष्यित वर्गलाई वितरण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>खरिद कार्य<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदका लागि तोकीए बमोजिम लागत अनुमान तयार गरी दफा ५क मा तोकिए अनुसार स्विकृत गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा ६क मा मौजुदा सूचि तयार गर्नु पर्ने र दफा ४१ मा सोझै खरिद सम्बन्धि व्यवस्था गरेको छ ।गाउँपालिकाको कार्यालयले उपरोक्त व्यवस्थाहरुको पालना नगरी केहि भौचरहरु परीक्षण गर्दा कार्यालय समानहरु जस्तै फोटो कपी पेपर, रेकर्ड फाइल, जेल पेन , फर्निचर लगायतका जिन्सी मालसमान खरिद गर्दा आवश्यकता पहिचान र मौज्दात स्थितिको विश्लेषण नगरी खरिद गरिएको साथै खरिद गरिएका सबै जिन्सी मालसमान जिन्सी खातामा दाखिला भए नभएको यकिन गर्न सकिएन । उपरोक्त मालसमान खरिद वापत देहायका सप्लार्सहरुलाई विल भुक्तानी गरेको देखिन्छ। यस्तो खरिद कार्यमा नियन्त्रण हुनु पर्दछ ।<br>खरिद गरिएका केहि उदाहरणहरुः
<table>
<tr><th>भौ नं। मिति</th><th>समानको विवरण</th><th>सप्लायर्स</th><th>विलको मिति</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>५९५। ०७९। ३।१९</td><td>फोटोकपि पेपर इन्डेक्स फाइल पालट पेन रजिष्टर लगायत</td><td>फुलवारी सप्लार्स इलाम</td><td>२०७९।३।1 बाट रु ३५०४१३ ।०७९।३। २ बाट रु ३५०३००। ०७९।३।३ बाट रु ४९९४६०।</td><td>१२००१७३। ००</td></tr>
<tr><td>५९६। ०७९। ३।१९</td><td>फोटोकपी पेपर रेकर्ड फाइल लगायत</td><td>मुनाल प्रेस एण्ड प्रिन्टर्स</td><td></td><td>३३८३२२। ००</td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५९७।०७९।३।१९ | देवानी संहिता १०० थान फौजदारी संहिता १०० थान स्थानिय सरकारसंचालन ऐन १०० थान नेपालको संविधान ५० थान आर्थिक कार्यविधि ऐन १६ थान | प्रनिश स्टेश्नरी एण्ड दाहाल ट्रेडर्स | | ३३९३०५।१० | |
| | | | ५९७।०७९।३।१९ | फोटोकपी पेपर इन्डेक्स फाइल लगायत | प्रनिश स्टेश्नरी एण्ड दाहाल ट्रेडर्स | | ३३९०००।०० | |
| | | | ६४९ | फर्निचर सम्बन्धि समान | गौरव फर्निचर सप्लायर्स | | ६९७४४६ | |
| | | | | | | जम्मा रु | २९१४२४६।०० | |
| ५९ | | | **महङ्गी भत्ता**<br>सामान्य प्रशासन मन्त्रालयको चलानी नं 217 मिति 2074/01/25 मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति 2074/01/21 को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष 2074/075 बाट लागु हुने गरी कम्तिमा 6 महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक खर्च मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा पालिकाले दरबन्दी भित्र रहेका करारतर्फका ४१ कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख गरी महङ्गी भत्ता वापत यस वर्ष रु ९८४०००।०० खर्च भुक्तानी गरेको छ। यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महङ्गि भत्ता भुक्तानी गर्नु नियम सङ्गत देखिएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **शीर्षक फरक पारी खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्तव नियमावली २०७७को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रु | ११,०८०,९९४ |

| भौ.नं. | विनियोजित शीर्षक | खर्च गरेको शीर्षक | खर्च भएको रकम |
|---|---|---|---|
| ६३१(चालु),६३२(चालु),६३५(चालु), ६५९(चालु),६६१(चालु),६३३(चालु), ,६४८(चालु) | प्रतिक्षालय, सूचना केन्द्र तथास्यानिटेशन कार्यक्रम, गेट र बाउन्ड्री बाल निर्माण | इन्धन, मर्मत, अनुगमन लगायत अन्य | ३६६८८४७ |
| विभिन्न भौ.नं.(चालु) | कोरोना रोकथाम तथा औषधी उपचार खर्च | विविध चालु खर्च | १०१५५४८ |
| विभिन्न भौ.नं. चालु | धरौटी फिर्ता | विविध चालु खर्च | १९९६०७४ |
| ६।२०७८।९।२३(गा पा चालु) | प्रहरी चौकी भवन निर्माण एकतप्पा ७ | चालु कार्यालय सामाग्री खरिद | २०४२५२५ |
| विभिन्न भौ.नं. चालु | अन्य सामाजिक सुरक्षा र सामाजिक सुरक्षा | विविध चालु खर्च | २३५८००० |
| | जम्मा | | ११०८०९९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **प्राविधक लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न उपभोक्ता समितिहरुलाई क्षतिग्रस्त संरचनाहरु मर्मतको लागि आर्थिक सहायताहरु उपलब्ध गराएकोमा प्राविधिक मूल्यांकन, नापजाँच र कार्यसम्पन्न पेश भएको नदेखिएकोले प्राविधिक मूल्यांकन, नापजाँच र कार्यसम्पन्न पेश गर्नुपर्ने रु. | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सि नं | उपभोक्ता समितिको नाम | रकम | | |
| | | | | 1 | तिवाखोला भट्टराईगाँउ मगरडाँडा हुँदै साप्तिन जाने तिम्सिना ठूलोकूलो, अध्यक्ष -नारद लिम्बू | १००००० | | |
| | | | | 2 | लामाडाँडा खानेपानी योजना | ५०००० | | |
| | | | | 3 | मुगेखोला आकासेबेंसी कुलो, अध्यक्ष - डम्बर ब. भट्टराई | ५०००० | | |
| | | | | 4 | मालिका देवी आवि , अध्यक्ष - रुपादेवी खड्का | १००००० | | |
| | | | | 5 | मुगाखोला मसान घाट कुलो , अध्यक्ष - नैनसिंह गिरी | ५०००० | | |
| | | | | 6 | सतिघाट भञ्जयाङ लिम्बुगाँउ सिचाइ कूलो , अध्यक्ष - लाल ब. समाल | ५०००० | | |
| | | | | 7 | हिलेखोला पेल्ट्रोन उ स | ५०००० | | |
| | | | | 8 | जारीवाले कुलो | ५०००० | | |
| | | | | 9 | साङ्ग्रेबुङ सिंचाइ कुलो वडा नं ५ | २५०००० | | |
| | | | | 10 | तीन चुले र मैदाने खानेपानी आयोजना , अध्यक्ष - दिलकुमार राई | १००००० | | |
| | | | | 11 | आदाबुङ बेंसी कुलो | ५०००० | | |
| | | | | 12 | माथिल्लो नयाँ कूलो , अध्यक्ष - मखानसिंह लिम्बु | ५०००० | | |
| | | | | 13 | तल्लो नयाँ कूलो | ५०००० | | |
| | | | | 14 | कुलो मर्मत योजना उपभोक्ता समिति वडा नं ७ | ४००००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 15 | एकतप्पा प्रहरी चौकी , अध्यक्ष - घनश्याम लाखे | ५०००० | | |
| | | | | 16 | देउमाई लघु जलविद्युत उ स , अध्यक्ष - धन बहादुर राई | ३००००० | | |
| | | | | 17 | एकतप्पा होयाङ पितामरु सिंचाई कूलो , अध्यक्ष - जयदेव राई | १५०००० | | |
| | | | | 18 | याङ्मा खोला नाबु पिताम्बरु नयाँ कूलो | ५०००० | | |
| | | | | 19 | डाँडेकूलो फाकफोकथुम ४ , अध्यक्ष - कर्णबीर राई | ३५०००० | | |
| | | | | 20 | रातामाटे सिचाई कुलो ४ | ५०००० | | |
| | | | | 21 | झाँक्रीखोला पिपलटार जाने सिंचाई कुलो वडा नं ४ , अध्यक्ष - नविन मगर | १००००० | | |
| | | | | | जम्मा | २४५०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **आमचोक लोखुम्बा वरबोटे तालखर्क सुरुङ गाँउ सप्तमी सडक स्तरोन्नती**<br>भौ नं. ११ (प्रदेश समपूरक पुँजीगत) पालिकाले आमचोक लोखुम्बा वरबोटे तालखर्क सुरुङ गाँउ सप्तमी सडक स्तरोन्नती (ठेक्का नं. PRM/ILAM/Works/NCB/04/ 078.79) का लागि रु. ६७२७२५१ (भ्याट र **PS** सहित) को लागत अनुमान तयार गरी ३० दिने बोलपत्र सूचना प्रकाशन गरेकोमा म्याद भित्र रित पूर्वक दर्ता हुन आएका फर्महरु मध्ये न्यून अंक रु. २३०४९८९.५८ (भ्याट र **PS** सहित) कबोल गर्ने श्री जरेथुम्की निर्माण सेवासंग मिति २०७९।२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१२।७ मा नियमानुसार खरिद सम्झौता गरेको देखियो । यस सम्बन्धमा थप व्यहोरा निम्न अनुसार छ ।<br>:<br>**सम्झौता अनुसार कार्यसम्पन्न नगरेको-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७)अनुसार सम्झौता गर्नेले काम सुरु गरी बिचैमा सो काम पुरा नगरेको कारण भएको हानी नोक्सानी समेत असुल गर्नुपर्ने मा छाडेमा, वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सम्झौता अन्त्य गरी दफा ५९ (८)अनुसार त्यस्तो कामको लागि राखिएको पुरै जमानत जफत गर्नुपर्ने र सो काम पुरा नगरेको कारण भएको हानी नोक्सानी समेत असुल गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी जरेथुम्की निर्माण सेवाले कार्यसम्पन्न गर्नुपर्ने अवधिभित्र रु. १६०५४७० (भ्याट र **PS** सहित) बराबरको मात्र कार्य गरेकोले ३० प्रतिशत कार्य अझै बाँकी रहेको देखिन्छ । लेखापरीक्षण अवधिसम्म उक्त ठेक्काको म्याद थप समेत भएको देखिएन । नियमको परिपालना गरी कार्यसम्पन्नताको सुनिश्चितता हुनुपर्ने देखिन्छ । | |
| ६३ | | | **पाइप खरिद ठेक्का**<br>भौ नं १४०।२०७८।१२।२९(गा.पा. पुँजीगत) पालिकाले पाइप खरिद(ठेक्का नं. PRM/ILAM/Goods /NCB/02/ 078.79) का लागि रु. २८८९२९७ (भ्याट सहित) को लागत अनुमान तयार गरी ३० दिने बोलपत्र सूचना प्रकाशन गरेकोमा म्याद भित्र रित पूर्वक दर्ता हुन आएका फर्महरु मध्ये न्यून अंक रु. २१०७४५०(भ्याट सहित) कबोल गर्ने श्री दक्षिणकाली प्लाष्टिक इन्डष्ट्रिज प्रा लि संग मिति २०७८।११।१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।२६ मा नियमानुसार खरिद सम्झौता गरेको देखियो । यस सम्बन्धमा थप व्यहोरा निम्न अनुसार छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | | | **कार्यसम्पादन जमानत म्याद थप गर्नुपर्ने देखिएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।विड डकुमेन्टको **ITB** मा उल्लेख भए अनुसार त्यस्तो कार्यसम्पादन जमानतले **Warranty Period** लाई समेत समेट्नुपर्ने हुन्छ । कार्यालयले खरिद गरेको पाईपको वारेन्टी न्यूनतम एक वर्षको हुनुपर्ने उल्लेख भएकोमा कार्यसम्पन्न गर्नुपर्ने मितिबाट एक वर्ष अवधि अर्थात मिति २०७९।११।२३ सम्म म्याद रहेको कार्यसम्पादन पेश हुनपर्नेमा दक्षिणकाली प्लाष्टिक इन्डष्ट्रिज प्रा लि ले मिति २०७९।३।१६ सम्म म्याद रहेको नविल बैकको रु २७९५९९ बराबरको कार्यसम्पादन जमानत पेश गरेको देखिएकोले कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु | २७९,५९९ |
| ६३.२ | | | **रिटेन्सन मनी कट्टी नगरेको** -१४०।२०७८।१२।२९(गा.पा. पुँजीगत) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ विल वा अन्य विजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५%रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटीसच्याउने दायित्व सकिएपश्चात, कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ । कार्यालयले दक्षिणकाली प्लाष्टिक इन्डष्ट्रिज प्रा लि. लाई रु २१०७४५० भुक्तानी गर्दा सम्झौता अनुसार ५%रिटेन्सन मनीरु. ९३२५० कट्टी नगरी भुक्तानी गरेको देखिएकोले नियमानुसार नदेखिएको रु. | ९३,२५० |
| ६३.३ | | | **मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसारठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३०%रकम कट्टी गरी आन्तरिक राजस्व कार्यालयमा सम्बन्धित फर्मकोनाममा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायको भुक्तानीमा नियमानुसार मूल्य अभिवृद्धि कर रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन पेश गर्नुपर्ने रु | ७२,७३५ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| १४०।२०७८।१२।२९ गा पा पुजीगत | दक्षिणकाली प्लाष्टिक इन्डष्ट्रिज प्रा लि | २१०७४५० | २४२४५० | ७२७३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६४ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमलाई आन्तरिक श्रोत मानेर उक्त रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को बुदाँ नं ७ अनुसार नेपाल सरकार वा बैदेशिक ऋणको श्रोतबाट सवारी साधन खरिद नगरिने, अत्यावश्यक अवस्था परी कुनै सवारी साधन खरिद गर्नुपर्दा अर्थमन्त्रालयको सहमति लिनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले अर्थमन्त्रालयको स्वीकृत बेगर ३ थान मोटरसाईकल खरिदमा रु. ९२६२५८ खर्च गरेका छ । | |
| ६५ | | | **युवा स्वरोजगार कार्यक्रम**<br>२१८।२०७९।३।२५ (पालिका पुँजीगत) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले युवा स्वरोजगार कार्यक्रमको कार्यविधि तयार नगरी, वडा नं ७ मा १६ जना कामदारलाई औषत २२.५ दिनसम्म अमानतमा काम गराएर रु. २००००० ज्याला खर्च वडा सचिव लक्ष्मी श्रेष्ठले भुक्तानी लिएको देखियो । योजनाको नाम, लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन नखुलेकोले खर्च यकिन गर्न नसकिएको रु. | २००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च भुक्तानी दिएको नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ.नं.</th><th>पुँजीगत शीर्षक</th><th>खर्च भएको शीर्षक</th><th>खर्च रकम</th></tr>
<tr><td>२०४।२०७९।३।२५ (गा.पा. पुजीगत)</td><td>गेट र बाउन्ड्रीबाल निर्माण</td><td>कार्यालय सामान र फर्निचर व्यवस्थापन</td><td>५९२७४०</td></tr>
<tr><td>२१८।२०७९।३।२५ (गा.पा. पुजीगत)</td><td>५ नं र ७ नं वडा कार्यालय भवन निर्माण</td><td>घिमिरे होटललाई खाजा खाना भुक्तानी तथा प्रकृति आयुर्वेद सप्लायर्सबाट आयुर्वेद औषधी खरिद</td><td>४७४३००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०६७०४०</td></tr>
</table></td><td>१,०६७,०४०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>बेमौसमी बाढी पहिरो सडक मर्मत वडा नं ७<br>१७०।२०७९।३।२३ (गा.पा. पुजीगत) सार्वजिनक खरिद नियमावली २०६४ को नियमावली नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले बेमौसमी बाढी पहिरो सडक मर्मत वडा नं ७ उपभोक्ता समिति लाई पहिरो कटिङ गरी सडक सडक सम्याउने कार्यका लागि Chainage र पुरै RectangularCross section लिएर परिमाण मापन गरेर २८१५५ घ. मि. को भुक्तानी भएको देखियो । Autocad बाट बास्तविक Cross section मापन गर्नुपर्ने वा औषतमा TriangularCross section लिएर परिमाण मापन गर्नु पर्नेमा सो नगरेकोले १४०५७.५ घ.मी. परिमाणको रु. ४३.५०का दरले उपभोक्ता समितिलाई रु. ६११५०१.२५ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.</td><td>६११,५०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **ड्रेन कटिङ**<br>उक्त योजनामा मानिसद्धारा ड्रेन कटिङबापतको कार्यका लागि रु. ८४०५८० भुक्तानी भएकोमा चेनेज तथा परिमाण खुलाएर नापी किताबमा उल्लेख गरेको देखिएन । बास्तविक नापी किताबमा परिमाण नखुलाई मानिस द्धारा ड्रेन कटिङबापतको रु ८४०५८० भुक्तानी भएको देखिएकोले सो सम्बन्धमा पालिकाले छानबिन गरी यकिन गर्नुपर्ने देखिएको रु. | ८४०,५८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । उक्त नियमावलीको नियम ९७ (क) को उपनियम ९(ख) अनुसार श्रमिकको लागत भार ५०%भन्दा कम भएको योजनाहरु उपभोक्ता समितिबाट गराउन सकिने छैन भनी उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको तथा लागत अनुमानको सम्पूर्ण कार्य निर्माण व्यवसायीबाट गराउने गरेको पाइयो । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | निर्माण व्यवसायी | बजेट खर्च |
|---|---|---|---|---|
| १६९।२०७९।३।२३(गा.पा. पुजीगत) | बेमौसमी बाढी पहिरो सडक मर्मत वडा नं ४ उ.स. | सडक मर्मत | जरीथुम्की निर्माण सेवा | २५९७५०० |
| १६५।२०७९।३।२३(गा.पा. पुजीगत) | ६ नं वडाको बेमौसमी बाढी पहिरो सडक मर्मत उ.स. | सडक मर्मत | धार्मिक निर्माण सेवा | १६००००० |
| १६३।२०७९।३।२३(गा.पा. पुजीगत) | बेमौसमी बाढी पहिरो सडक मर्मत योजना उ.स. | सडक मर्मत | जरीथुम्की निर्माण सेवा | १७१६९२५ |
| १७०।२०७९।३।२३ (गा.पा. पुजीगत) | बेमौसमी बाढी पहिरो सडक मर्मत वडा नं ७ उ.स. | सडक मर्मत | गजुरमुखी माई निर्माण सेवा कम्पनी | १६१९७०५ |
| | जम्मा | | | ७५३४१३० |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **पर्व लक्षित सरसफाई योजना वडा नं ३**<br>७५।२०७९।१।८ (गा.पा. पुजीगत)सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पर्व लक्षित सरसफाई योजना वडा नं ३ उ.स. लाई पहिरो कटिङ गरी सडक मर्मत गर्ने कार्यको लागि १४२५६ घ.मी. को भुक्तानी दिदाँ स्वीकृत दर रु. ४३.५ले भुक्तानी नगरी रु. ५२.२ ले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रु. १२४०२७ असुल गर्नुपर्ने देखिएको रु. | १२४,०२७ |
| ७१ | | | **दररेट विष्लेषण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले ३ नं वडा कार्यालयको भवन निर्माण उ.स. लाई माटो ब्याक फिलिङ बापत भुक्तानी गर्दा दररेट विश्लेषणमा माटोको **Quarry Site** नखुलाएको तथा **Excavation** माटो समेत प्रयोग हुने देखिएको र नर्म्स अनुसार ०.२५**md** मात्रदिन मिल्ने हुदाँ १३६.९४ घ.मी. माटोको १६२ का दरले भुक्तानी हुनुपर्ने देखिन्छ । जनसहभागिताको अंश कटाएर उपभोक्ता समितिलाई बढी भुक्तानी देखिएको रकमरु. १६६७६ असुल हुनुपर्ने रु. | १६,६७६ |
| ७२ | | | **उपभोक्ता समितिलाई खरिद सम्झौताको अवधि थप**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसारसम्झौताको अवधि भित्र काम पुरा गर्न नसकिने भएमा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले नियमानुसार म्याद थप गर्न सकिने व्यवस्था रहेको छ । उपभोक्ता समितिको हकमा सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था गरेको देखिदैन । पालिकाले गाँउपालिका भवन निर्माण गाउँपालिका भवन निर्माण ब्लक नं १ का लागि रु ५८३४५२८ को लागत अनुमान तयार गरी मिति २०७७।१।११ सम्झौता गरेकोमा तोकिएको समयमा कार्यसम्पन्न नगरी पटक पटक गरी मिति २०७८।१२।२० सम्म म्याद थप गरेको देखियो। कार्यसम्पन्न प्रतिवेदन अनुसार कूल रु. ५८४१०६०को कार्यसम्पन्न भएकोमा उपभोक्ता समितिको जनसहभागिता कटाएर रु ४८५०००० भुक्तानी भएको देखिन्छ ।विगतको आर्थिक वर्षहरुमा रनिङ विलको भुक्तानी भए नभएको सम्बन्धमा स्पष्ट हुन सकिएन । उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा सम्झौता अवधिभित्रै योजनाको फरफारक गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २४२ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ११८१९६१०२भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ७४ | | | **गुणस्तर परीक्षण र बिमा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियम ११०(१) मा बिस लाख भन्दा बढीको निर्माण कार्यको निर्माण व्यवसायीले अनिवार्य विमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट भएको कामको प्राविधिक गुणस्तरको परीक्षण तथा बिमा आंशिक रुपमा मात्र भएको देखियो । नियमको पालना हुनुपर्दछ । | |
| ७५ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **अनुपातिक कट्टी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १५,३२६ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | लागत अनुमान | उपभोक्ताले व्यहोर्ने | कार्य सम्पन्न रकम | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १८०।२०७९।३।२३ (गा.पा. पुजीगत) | रुपाटार जटेश्वर हुँदै देउमाई खोला चाँचलेसम्मको सडक ग्याबिन वाल र मेसिनरी वाल निर्माण वडा नं ७ उ.स. | १२३९७२२ | २६९७२२ | १२२०१३४ | ९७०००० | १५३२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **उपभोक्ता समितिवाट मालसामान खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने, रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने उल्लेख छ । तर पालिकाले कुनै मालसामान खरिद, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । यस वर्ष गाउँपालिकावाट निम्नानुसारको खरिद कार्य प्रतिस्पर्धा बेगर उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता सामानहरु पालिकाबाट खरिद गरी खुला रुपमा सूचना आव्हान गरी लाभग्राही छनोट मापदण्ड तयार गरी वितरण गर्नुपर्दछ । | |

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | खरिद सामान | रकम |
|---|---|---|---|
| ६००।२०७९।३।२५ (गा.पा. चालु) | कृषि विकास तथा प्रवर्द्धन कार्यक्रम उ.स. वडा नं ५ | मिनिटिलर, प्लाष्टिक टनेल, विउ विजन लगायतका कृषि सामग्री खरिद | ४९८५४५ |
| ५४६।२०७८।७।११ (गा.पा. चालु) | पशु विकास तथा प्रवर्द्धन कार्यक्रम उ.स. वडा नं ३ | ६ वटा च्यापकटर खरिद | ९०००० |
| | जम्मा | | ५८८५४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **प्रहरी चौकी भवन निर्माण एकतप्पा वडा नं ७**<br>१६० र १८१ (गा.पा. चालु) पालिकाले प्रहरी चौकी भवन निर्माण एकतप्पा वडा नं ७ (ठेक्का नं.PRM/ILAM/Works/NCB 078.79)का लागि रु. ४९९९९७९ (भ्याट र **PS** सहित) को लागत अनुमान तयार गरी मिति २०७८।८।१९ मा ३० दिने बोलपत्र सूचना प्रकाशन गरेकोमा म्याद भित्र रित पूर्वक दर्ता हुन आएका ३ वटा फर्महरु मध्ये न्यून अंकरु. ३४००७४९(भ्याट र **PS** सहित) कबोल गर्ने श्री माई भगवती कन्सट्रक्सन प्रालि संग मिति २०७९।३।७ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।१० नियमानुसार खरिद सम्झौता गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८.१ | | | **घटी अवधिको कार्यसम्पादन जमानत**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । पालिकाले श्री माई भगवती कन्सट्रक्सन प्रालिसंग मिति २०८०।४।६ सम्म म्याद कायम रहेको कार्यसम्पादन जमानत लिएर मात्र सम्झौता गर्नुपर्नेमा मिति २०७९।४।१० सम्म अर्थात ६ महिनामात्र म्याद कायम रहेको प्रभु बैंकको रु. ५९४६६३ कार्यसम्पन्न जमानतबापत ग्यारेन्टी लिएर सम्झौता गरेको नियमसंगत देखिएन । | ५९४,६६३ |
| ७८.२ | | | **खरिद सम्झौता अनुसार कार्यसम्पन्न नगरेको** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७)अनुसार सम्झौता गर्नेले काम सुरु गरी बिचैमा छाडेमा, वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सम्झौता अन्त्य गरी दफा ५९(८)अनुसार त्यस्तो कामको लागि राखिएको पुरै जमानत जफत गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) अनुसार त्यसरी काम नगरेको कारणबाट हुन गएको हानी नोक्सानी निजबाट असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गर्नुपर्नेमा सो गरेको देखिएन ।कार्यालयले उक्त फर्मको प्रभुन बैंक स्थित रु. ५९४६६३ कार्यसम्पन्न जमानतबापत ग्यारेन्टी समयमै जफत गर्नेतर्फ पहल नगरेको र हानी नोक्सानी असुल उपर नगरेकोले कार्यालयलाई रु ५९४६६३ थप व्ययभार पर्ने देखिन्छ । नियमानुसार कार्यसम्पन्नता को सुनिश्चितता हुनुपर्ने रु | ५९४,६६३ |
| ७८.३ | | | **रिटेन्सन मनी**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ विल वा अन्य विजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५% रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटीसच्याउने दायित्व सकिएपश्चात, कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ ।उक्त निर्माण व्यवसायीको ५%रिटेन्सन कट्टीबापतकोरु. ८७७१० सञ्चित कोषमा नै फिर्ता गरेको देखियो । कट्टी गरिएको रिटेन्सन मनी धरौटी खातातर्फ आम्दानी बाँधी धरौटी कारोबारको स्रेस्ता अद्यावधिक गर्नुपर्ने रु | ८७,७१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७८.४</td><td></td><td></td><td>कार्यस्वीकार प्रतिवेदन- सार्वजनिक खरिद नियमावली २०६४ को नियम११७ अनुसार निर्माण अनुसारको उद्देश्य अनुसार संरचनाको उपयुक्तता परिक्षण गरेर प्रमाणित नभएसम्म कार्यस्वीकार गर्नु नहुने उल्लेख छ । प्रहरी चौकी भवन निर्माण एकतप्पा वडा नं ७ (ठेक्का नं. PRM/ILAM/Works/NCB 078.79) को रु. ३४००७४९ (भ्याट र PS सहित) मा सम्पन्न गर्ने गरी माई भगवती कन्सट्रक्सन प्रालिसंग सम्झौता भएकोमा कार्य सम्पन्न गर्नुपर्ने मितिसम्म रु. १७५४२२५ (भ्याट सहित) अर्थात ५१.५८ % को मात्र काम भएको अवस्थामापनि कार्यस्वीकार गरेको देखियो । नियमको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७८.५</td><td></td><td></td><td>नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>नन्फाइलर रहेको मिति</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>1६०।२०७९।२।१७ (गा.पा. चालु)</td><td>माई भगवती कन्सट्रक्सन प्रा.लि.</td><td>२०७८।१०। देखि</td><td>६०६८५३९७२</td><td>१७५४२३३</td><td>२०१८१४</td></tr>
</table></td><td>२०१,८१४</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>शिक्षक दरवन्दी मिलान<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २. ७. १३. २२ शिक्षक दरवन्दी मिलान अन्तर्गत इकाइले स्थानीय तहसँग समन्वय गरी दरवन्दी मिलान गर्न बाँकि रहेका तहलाई अभिलम्ब मिलान कार्यसम्पन्न गर्न सहजिकरण गर्ने व्यवस्था छ । पालिका भित्र सञ्चालित माध्यमिक र आधारभुत तहका विद्यालयहरुमा कुनै विद्यालयमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको शिक्षक संख्या बढी भएको र कुनै विद्यालयमा विद्यार्थि संख्या बढी शिक्षक संख्या कम भएको देखिएकोले विद्यार्थि शिक्षक अनुपात मिल्ने गरी दरबन्दी मिलान गर्नु पर्दछ । विद्यार्थि संख्या ज्यादै न्यून भएका विद्यालय नजिकको अर्को विद्यालयमा गाभ्ने र विद्यार्थि संख्याका आधारमा शिक्षक दरवन्दी मिलान गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **अनुदान अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार आईसिटी ल्याव, पुस्ताकलय स्थापना तथा संचालन अनुदान, नवीन प्रविधि अनुदान तथा कार्यसम्पादनमा आधारित अनुदानको अनुगमन हुनु पर्दछ । पालिकाबाट विद्यालयहरुमा विभिन्न शिर्षकमा गएको अनुदान रकमको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान रकमको सहि सदुपयोग भएकोमा आश्वस्त हुन सक्ने आधार देखिएन । अतः पालिकाबाट प्रभावकारी रुपमा अनुगमन हुनु पर्दछ । | |
| ८१ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले राष्ट्रपति शैक्षीक सुधार कार्यक्रम अन्तरगत स्वीकृत कार्यक्रम अनुसार अनुदान उपलब्ध गराए देहायका बिद्यालयहरुले पूर्वाधार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको रु | ६,०५०,००० |

| क्र सं | बिद्यालयको नाम | छनौट कार्यक्रम | अनुदान रकम रु |
|---|---|---|---|
| १ | विजय आधारभुत विद्यालय | २ कोटे | १८०००००।०० |
| २ | सिद्ध आधारभुत विद्यालय | २ कोटे | १८०००००।०० |
| ३ | खाम्वाङ्ग माध्यमिक विद्यालय | २ कोटे भवन | १८०००००।०० |
| ५ | बिष्णु माध्यमिक विद्यालय | आइसिटी | ६५००००।०० |
| | जम्मा | | ६०५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **कृषि पकेट कार्यक्रम**<br>शर्शत अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ।कार्यालयला प्राप्तप्रधानमन्त्री कृषी आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रमहरु पचास प्रतिशत लागत साझेदारीमा संचालन गरेको छ ।त्यस मध्ये लेखापरीणको क्रममा छनौट गरी परीक्षण गरिएका देहाय अनुसारकका कृषि तथा पशुपालन सहकारी तथा समूहहरुलाई छनौट गरी ५० प्रतिशत अनुदानमा विभिन्न पकेट विकास कार्यक्र मसञ्चालन गर्न रु. ३६४००००।००अनुदान उपलब्ध गराएको पाइयो । पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ। साथै आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।<br><table><tr><td>भौ नं मिति</td><td>कृषक संस्था</td><td>पकेट क्षेत्र</td><td>भुक्तानी रकम</td><td>कैफवयत</td></tr><tr><td>२०।०७९।३।१२</td><td>नविकरण कृषि सहकारी संस्था लि</td><td>गाई पकेट कार्यक्रम</td><td>१२५००००।००</td><td></td></tr><tr><td>२१।०७९।३।१२</td><td>पोखरी कृषि सहकारी संसथा लि</td><td>गाई पकेट कार्यक्रम</td><td>१२५००००।००</td><td></td></tr><tr><td>३३।०७९।३।१३</td><td>समावेशि बहुउदेश्य कृषि समूह</td><td>तरकारी पकेट</td><td>११४००००।००</td><td></td></tr></table><br>पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरे पश्चातपालिकाले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन।साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **कट्टी रकम दाखिला**<br>कार्यालयले तलव भत्ता भुक्तानी गर्दा कट्टी गरेको रकम समयमै सम्बन्धित खातामा जम्मा गर्नु पर्दछ । गाउँपालिकाले स्थायी तर्फका कमचारीहरु कर्मचारी संचय कोष नागरिक लगानी कोष बीमा कट्टी वापतको रकम समयमै जम्मा नगरी आर्थिक वर्ष २०७७।७८ को आयुर्वेद र स्वास्थ्य शाखा तर्फका कर्मचारीहरुको गो भौ नं ६।०७९।२।१२ बाट रु २०५३३२।०० र ७।०७९।२।१६ बाट रु १९७६०१२।४० दाखिला गरेको देखिन्छ । यसरी अघिल्लो वर्षको कट्टी रकम यस वर्षमा दाखिला गर्दा कर्मचारीहरुले त्यसबाट प्राप्त गर्ने सुबिधाबाट बन्चित हुनु पर्ने भएकाले समयमै कट्टी रकम दाखिला हुनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **पारिश्रमिक कर**<br>आय कर ऐन, २०५८ को दफा ८ बमोजिम रोजगारीबाट प्राप्त भएको बार्षिक आय गणना गरी दफा ८७ अनुसार कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कर्मचारीहरुको वार्षिक आय गणना गरी तोकिएको दरमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धित कर्मचारीहरुबाट कर रकम असुल गरी राजश्व दाखिला हुनुपर्ने रु | ८१,००३ |

| नाम थर पद | बार्षिक आम्दानी | छुट पाउने रकम | कर योग्य आय | कर रकम |
|---|---|---|---|---|
| यम बहादुर वस्नेत जन स्वा नि | ५८२०४४।०० | ४५९७४८।०० | १२२२९६।०० | १४४५९।२० |
| शिवनाथ यादव सि अहेव | ६०२७५४।०० | ५१०९३४।०० | ९१८२०।०० | ९१८२।०० |
| नारायण थापा मगर सू प्र अ | ५२७८७०।०० | ४०००००।०० एकल | १२७८७०।०० | १५५७४।०० |
| अखिलेश यादव इन्जिनियर | ५२७८७०।०० | ४०००००।०० | १२७८७०।०० | १५५७४।०० |
| दिपक राई रोजगार संयोजक | ५२७८७०।०० | ४०००००।०० | १२७८७०।०० | १५५७४।०० |
| बम बहादुर राई सब ई | ४२६६००।०० | ४०००००।०० | २६६००।०० | २६६०।०० |
| दिवश जोशी सब ई | ४२६६००।०० | ४०००००।०० | २६६००।०० | २६६०।०० |
| दिल कुमार राई सब ई | ४२६६००।०० | ४०००००।०० | २६६००।०० | २६६०।०० |
| दिपेश राई प्रा स | ४२६६००।०० | ४०००००।०० | २६६००।०० | २६६०।०० |
| जम्मा रकम | | | | ८१००३।२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष कूल ४४७ जना बेरोजगार दर्ता भएकोमा २४० जनालाई रोजगारी उपलव्ध गराई रु. ७८७७०० खर्च गरेको छ । लक्षित वर्गलाईऔषत ५६.८८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८६ | | | **सामाजिक सुरक्षा भत्ता**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले आ.व. 2076/77 देखि नै भत्ता वितरणलाई प्रभावकारी बनाउनका लागि अनिवार्य रुपमा बैंङ्क मार्फत भत्ता वितरण गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले आ.व. 207८/7९ मा ७ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि४ वटा बैंक मार्फत कूल रु. ७४८७२७३० भत्ता निकासा गरिएकोमा सिभिल बैंक, रबि शाखाले आर्थिक वर्षको अन्तमा वडा नं ४ को रु. ४३९८० बाँकी रकम फिर्ता गरेको छ । उक्त रकम कोलिनिका, इलामको संघीय बेरुजु खातामा जम्मा गरेको देखियो ।यसरी बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधि अनुसार रिभर्स फिड प्राप्त गर्नुपर्नेमा सो प्राप्त गरेको देखिएन। आन्तरिक लेखापरीक्षणको क्रममा वडा नं १ को पहिलो त्रैमासिक सामाजिक सुरक्षा वापत वितरण गर्दा एकल महिलाको रु. २७१३२० तथा बालपोषण भत्ता रु. ११९७२ को विल भरपाई पेश नभएको सम्बन्धमा लेखापरीक्षणको क्रममा उक्त भरपाईहरु पेश भएको छ । सामाजिक सुरक्षा वितरण सम्वन्धमा थप विवरण निम्नानुसार रहेका छन्- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६.१ | | | **यकिन गरी प्रमाण पेश गर्नुपर्ने** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था । साथै सोही कार्यविधिको को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारको वडाहरुमा निम्नानुसारको संख्यामा लाभग्राहीहरुको नागरिकता नम्बर उल्लेख नगरी प्रविष्टि गरी सबै किस्ताको भत्ता वितरण गरेको हुदा उक्त लाभग्राहीहरु वास्तविक लाभग्राही भए नभएको, दोहोरो परे नपरेको यकिन गरी लाभग्राही भएमा प्रमाण पेश हुनुपर्ने देखिएको रु. | ११९,९४० |

| वडा नं | वर्ग | नाम थर | दर | रकम |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | उमादेवी बस्नेत | १२००० | ४८००० |
| २ | जेष्ठ नागरिक | सावित्रा देवी भट्टराई | १२००० | ४८००० |
| ३ | विधुवा महिला | दौपदा कार्की | ७९८० | २३९४० |
| | जम्मा | | | ११९९४० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६.२ | | | **निरीक्षण तथा अनुगमन**-सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यविधिको दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८६.३ | | | **सार्वजनिक सुनुवाई** -सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ८६.४ | | | **भरपाईमा भन्दा बढी रकम भुक्तानी** –सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले तोकिएको समय भित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।एम आइ एस प्रणालीबाट निस्कने भरपाईमा उल्लेख भएको भन्दा बढी रकम निकासा गर्न मिल्ने देखिदैन । पालिकाले प्रथम चौमासिक अवधिको वडा नं १ को सामाजिक सुरक्षाको रकम निकासा गर्दा सिभिल बैंक रवि पाँचथर शाखालाई निकासा गर्दा जेष्ठ नागरिक भत्ता १२००० र बालपोषण भत्ता रु १३२० गरी रु. १३३२० बढी निकासा भएको देखियो । सो सम्बन्धमा यकिन गरी प्रमाण पेश हुनुपर्ने पर्ने रु. | १३,३२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | अनुगमन तथा सम्परीक्षण<br>**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 84 मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा 84(2)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। पालिकाको गत विगत वर्षको देहाय अनुसारका बेरुजू सम्परीक्षण गरी फछ्यौंट गरेकोमा अनुगमन गर्दा फछ्यौंट मनासिब देखिएकोले लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |

| क्र.सं | दफा | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | बेरुजु रकम | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|---|---|---|---|
| 1 | ३९ | ०७६।७७ | चाड पर्व खर्च असुल हुनुपर्ने | २६६१० | शिक्षक सञ्जु दाहालको चाडपर्व खर्च असुल भएको | २६६१० |
| २ | ३९ | ०७६।७७ | चाड पर्व खर्च असुल हुनुपर्ने | २६६१० | शिक्षक सन्धया खतिवडाको चाडपर्व खर्च असुल भएको | २६६१० |
| ३ | ३९ | ०७६।७७ | चाड पर्व खर्च असुल हुनुपर्ने | ११५०० | विद्यालय कर्मचारी दिपश रेग्मीको चाडपर्व खर्च असुल भएको | ११५०० |
| 4 | ३९ | ०७६।७७ | चाड पर्व खर्च असुल हुनुपर्ने | ४५०० | विद्यालय सहयोगी टिकाराम पौडेलको चाडपर्व खर्च असुल भएको | ४५०० |
| | | | जम्मा | ६९२२० | | ६९२२० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | अद्यावधिक बेरुजुको स्थिति<br>**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ८४१७५ | ६९ | ४२४५१ | ० | १२६५५७ |